# नेपाल विद्युत प्राधिकरण

(नेपाल सरकारको स्वामित्व)

इन्जिनियरिङ्ग सेवा निर्देशनालय

## वातावरण तथा सामाजिक अध्ययन विभाग

लाजिम्पाट,काठमाडौं

मितिः २०८२/०३/१७

### सूची दर्ता गर्ने सम्बन्धी सूचना

नेपाल विद्युत प्राधिकरण, आर्थिक प्रशासन विनियमावली, २०६८ (सं.स.) को विनियम (९१) बमोजिम मौजूदा सूची दर्ता गराउनुपर्ने भएकोले आ.व. २०८२/०८३ को लागि यस विभागलाई आवश्यक पर्ने निम्नानुसारका परामर्श सेवा, निर्माण सेवा तथा सामान आपूर्ति, मर्मत संभार सम्बन्धी कार्य एवं अन्य सेवा उपलब्ध गराउन इच्छुक इजाजत प्राप्त व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले फर्मको नाम, ठेगाना एवं सम्पर्क नं. स्पष्ट उल्लेख गरी निवेदन सहित नेपाल विद्युत प्राधिकरण, वातावरण तथा सामाजिक अध्ययन विभाग, लाजिम्पाट, काठमाण्डौमा सूची दर्ता गराउन हुन यो सूचना प्रकाशित गरिएको छ ।

*(१) <u>परामर्श सेवा आपूर्ति तर्फः</u>*

**समूह-कः-** वातावरणीय तथा सामाजिक अध्ययन कार्यः प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूची (ToR), प्रारम्भिक वातावरणीय परीक्षण कार्य (IEE), वातावरणीय प्रभाव मूल्यांकनको लागि क्षेत्र निर्धारण (Scoping) तथा कार्यसूची (ToR) तयार गर्ने कार्य, वातावरणीय प्रभाव मूल्यांकन कार्य (EIA), विषयगत अध्ययन कार्य (माछा, वन्यजन्तु, वन तथा वनस्पति, भौतिक वातावरण, सामाजिक, आर्थिक आदि) तथा दातृ संस्थाहरुको लागि गरिने सामाजिक प्रभाव मूल्यांकन (SIA), पुनर्वास कार्य योजना (RAP), उत्पीडित समुदाय विकास योजना (VCDP), वातावरणीय व्यवस्थापन कार्य योजना (EMAP) आयोजनाको अध्ययन/ अनुगमन तथा अन्य वातावरणीय एवं सामाजिक अध्ययन कार्य गर्नको लागि विज्ञहरुको सेवा खरिद, आदि ।

**समूह-खः- आयोजना स्थलमा सांचलन गर्नुपर्ने जनचेतना तथा अन्य कार्यः** वातावरणीय सचेतना तथा सामाजिक सचेतना कार्यक्रम, वन व्यवस्थापन तथा वन्यजन्तु संरक्षण सचेतना कार्यक्रम, वातावरण संरक्षण, व्यवसायजन्य स्वास्थ्य तथा सुरक्षा, आयआर्जन तथा जिविकोपार्जन सँग सम्बन्धित विभिन्न सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने कार्य ।

**समूह-गः सीपमूलक तालिमः** छोटो अवधिको ड्राईभिङ्ग, हाउस वायरिङ्ग, प्लम्बिङ्ग, वेल्डिङ्ग, सिलाई, बुनाई, विद्युतीय सामाग्री मर्मत संभार लगायतका सिपमुलक तालिम कार्यक्रमहरु सञ्चालन गर्ने ।

**समूह-घः** आयोजना स्थलमा वायुको गुणस्तर, पानीको गुणस्तर तथा ध्वनीको स्तर मापन गर्ने तथा अन्य प्रयोगशाला सँग सम्वन्धित कार्यहरु गर्ने ।

(२) *<u>निर्माण सेवा तर्फः</u>*

सामुदायिक सहयोग कार्यक्रम (CSP) अन्तर्गत विभिन्न संरचना एवं पूर्वाधार निर्माण तथा मर्मत सम्भार सम्बन्धी कार्य ।

लाजिम्पाट, काठमाडौं, फोन नम्बरः ०१-४४२६७७२, ०१-४४३५८०० ईमेलः env.social@nea.org.np

(३) *सामान आपूर्ति (Supply) तर्फः*

- स्टेशनरी तथा मसलन्द सामानहरु,
- सवारी साधनको स्पेयर पार्टसहरु,
- छपाइ सम्बन्धी कार्य,
- प्रशोधित पिउने पानी आपूर्ति सेवा,
- फर्निचर तथा फर्निसिङ्ग सम्बन्धी सेवा,
- इलेक्ट्रिकल, इलेक्ट्रोनिक्स लगायतका विविध सामानहरु ।

(४) *सवारी साधन तथा अन्य उपकरणहरु मर्मत संभार गर्ने*

- सवारी साधन मर्मत,
- ए.सि. मर्मत तथा ग्यास रिफिलिङ्ग सम्बन्धी कार्य,
- इलेक्ट्रिकल, इलेक्ट्रोनिक्स लगायतका सामानहरुको मर्मत सम्भार ।

(५) *अन्य सेवा उपलब्ध गराउने*

- मालसामान ढुवानी सेवा प्रदान गर्ने ।
- गाडी भाडामा उपलब्ध गराउने ।

सूची दर्ता गर्दा निवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः

- संस्था दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि,
- भ्याट/ प्यान मा दर्ता भएको प्रमाणपत्रको प्रतिलिपि,
- आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
- संस्था नविकरण वा अद्यावधिक गरिएको प्रमाणपत्रको प्रतिलिपि
- संस्थाको विधान/ प्रवन्धपत्रको प्रतिलिपि वा संस्थाको स्पष्ट उद्देश्य खुलेको कागजात,,
- कम्पनीको Profile (उपलब्ध भएसम्म) ।
- संस्था कालो सूचीमा नपरेको सम्बन्धी स्व-घोषणपत्र।
- समूह १(ग) मा सूचीकृत हुनको लागि CTEVT बाट प्राप्त सम्बन्धनको प्रतिलिपि संलग्न हुनुपर्नेछ ।
- समूह १(घ) मा सूचीकृत हुन ईच्छुक संस्थाहरुको आफ्नै प्रयोगशाला हुनुपर्नेछ ।
- निवेदन पेश गर्दा कुन समूहमा सूचीकृत हुन निवेदन दिएको हो, सो कुरा प्रष्ट खुलाउनु पर्नेछ ।
- सम्पर्क नं. तथा ईमेल ठेगाना स्पष्ट खुलेको हुनुपर्नेछ ।

**नोटः** सूची दर्ता निवेदन साथ उल्लेखित कागजातहरु अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ । आफ्नो फर्म सूचीकृत भए/ नभएको जानकारी लिनु परेमा यस वातावरण तथा सामाजिक अध्ययन विभागमा सम्पर्क राख्न सकिनेछ ।